स्थानीय 'ख' वर्गको

# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ९, अंक ३१, २०७९ फागुन ३० मंगलवार (Jhuleni Post Weekly 14 Macrh. 2023) पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

## स्याउलीवाङ्मा विद्युत कहिले पुग्ला? जिर्ण भएको लघु जलविद्युतबाट हैरानी





तेजेन्द्र बि.एम.
झुलेनी पोष्ट, प्यूठान

जिल्लाको नौबहिनी गाउँपालिका-१, स्याउलिबाङ्गमा विद्युत सेवा नियमित नहुँदा यहाँका स्थानीयले सास्ती भोग्नुपरेको छ। लघु जलविद्युत र सौर्य उर्जाको भरमा उज्यालोको सहारा पाएपनि पुरानो हुँदा नियमित विद्युत आपुर्तिमा समस्या छ। जिल्लामै ठूलो परियोजनाको बिद्धुत उत्पादन हुँदा पनि स्याउलिबाङ्गमा भने अझै केन्द्रिय विद्युतीकरणको लाइन विस्तार भएको छैन। नियमित विद्युत आपुर्ति नहुँदा सबैभन्दा बढि विद्यार्थीहरुलाई परेको छ।

यहाँका विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई विद्युत आपुर्ति नहुँदा प्रत्यक्ष असर परेको छ। आउँदै गरेको एसईई परिक्षाको तयारी गरिरहेका स्याउलीवाङ्का कक्षा १० का विद्यार्थीहरुलाई झनै समस्या रहेको स्थानीय सिर्जना सुनारले बताइन्। 'आफूहरु बिहानै उठेर ट्यूसन जानुपर्ने, दिनभर विद्यालय र साझ पनि ट्यूसन पढेर घर आउँदा रात परिसकेको हुन्छ', उनले भनिन्, 'हामीहरुले गृहकार्य र पढ्ने समय राती भएकाले उज्यालो नहुँदा समस्या भएको छ।' उनका अनुसार अध्यारोमा बसेर टर्च लाइटको सहारामा पढ्न बाध्य हुनुपरेको छ। पुरानो घरेलु लघु जलविद्युत समेत बिग्रिएकोले झनै समस्या भएको उनको भनाई छ। वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र नेपालको आर्थिक सहयोगमा २०५७ सालदेखि यहाँ लघु जलविद्युतद्वारा बत्ति बाल्न सुरु गरिएको थियो। यहाँ ३ वटा माइक्रो हाइड्रोपावरबाट लगभग ९५ प्रतिशत बस्तीमा बत्ती अझैपनी बलिरहेको छ।

माइक्रो हाइड्रोपावर पनि जिर्ण अवस्थामारहेका बिग्रिएर हैरानी दिएको छ। पधेराकोट खोलाबाट उत्पादन गरिएको १६ किलोवाटको माइक्रो हाइड्रोपावर भने अहिले करिब १ महिना अघिदेखि बिग्रिएकोले यहाँको समुदायनै अध्यारोमा बस्नुपरेको स्थानीय लिल बहादुर बुढा मगरले बताए। केन्द्रिय लाइन विस्तार गर्न आर्थिक वर्ष २०७७/०७८ मा मर्सी कन्ट्रक्सन प्रा. लि. ले १ करोड ६५ लाखमा ठेक्का लिएको थियो। काम सुरु मात्र गरेर ठेकेदार अहिले सम्पर्कमा नरहेको स्थानीयले बताए। दोस्रोपटक समेत बजेट विनियोजन भैसके पनि पहिलेकै काम लथालिङ्ग अवस्थामा रहेको छ।

केहिँ ठाउँमा विद्युतका पोलहरु गाडिएका छन् भने केहिँ ठाउँमा यत्रतत्र अवस्थामा फालिएको छ। 'बिजुली बत्ती बल्ने त परको कुरा रहयो', वडा अध्यक्ष घन बहादुर बुढाले भने, 'दोस्रोपटक ठेक्का लिएको ठेकेदार पनि अहिले सम्पर्कमा छैनन्।' आर्थिक वर्ष २०७८/०७९ मा विनियोजित भएको बजेट कति परेको र काम कति गर्ने भन्ने समेत थाहा नभएको उनले बताए। वडाले पटकपटक पहल गर्दा समेत अटेरी गरि काम समयमै नगरेको सम्बन्धित वडा कार्यालयको समेत गुनासो बढ्न थालेको छ।

## हाम्रो नजर

## मेसिनरी औजारबाट झिमरुक दोहन



*जिल्लाको झिमरुक नदी र माडी नदिमा मेसिनरी औजारको प्रयोग गरेर दोहन भइरहेको छ। नियम विपरित नदिजन्य समाग्री निकाल्दा पनि सम्बन्धित निकाय मौन छन्। नियम बिपरित डोजर लगएर गिट्टी बालुवा निकाल्दा पनि स्थानीय जनप्रतिनिधि, प्रहरी, प्रशासन जानकार भएपनि नदेखै झै गर्ने गरेको स्थानीयले गुनासो बढेको। प्रहरी र प्रशासनलाई नदिबाट अबैध पदार्थ ओसार पोसार हुने गरेको बिषयमा जानकारी दिदापनि चासो नै नदिएको उनिहरु बताउँछन्। स्थानीयका अनुसार सबैको मिलेमतो भएकाले तै चुप मै चुप रहने गरेका हुन्। जनप्रतिनिधि पनि ठेकेदारसगं मिलेका कारण मेसिन लगाएको बिषयमा कोहि बोल्ने गरेका छैनन्।*

*झिमरुक नदिको दाखाक्वाडी क्षेत्र, स्वर्गद्वारी नगरपालिकाका बिभिन्न स्थान र गौमुखी गाउँपालिकाका बिभिन्न क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन गर्न रातको समयमा मेसिनरी औजार प्रयोग गर्ने गरेका छन्। केहिँ ठाउँमा दिउँसै पनि मेसिनको प्रयोग गरी नदिजन्य पदार्थ निकाल्ने गरिएको छ। नदीजन्य पदार्थ उत्खननका लागि घरेलु औजार प्रयोग गर्नुपर्ने प्रावधान रहेपनि मेसिनरी औजारबाट खुल्याम निकालिदै आएको छ। नदिजन्य सामग्रि उत्खननका लागि वातावरणीय प्रभाव मुल्याङ्कनका आधारमा पुल नजिक, राष्ट्रिय वन क्षेत्र भएको स्थान, स्थानीय तहले निर्धारण गरेको घाट लगायत ठाउँमा मेसिनरी औजार प्रयोग गर्न पाइने छैन। जथाभावि उत्खनन् र मेसिनरी औजारको प्रयोगले खोला र नदि दोहन हुने भएकाले वर्षातका बेला भुक्षय र बाढि प्रकोपको समयमा अनपेक्षित क्षेति पूग्ने भएकाले यस्तो गर्न नपाइने प्रावधान रहेको छ।*

## फुटपाथको व्यापारले व्यवसायि मर्कामा

झुलेनी नेटवर्क
प्यूठान



फुटपाथको व्यापारले व्यवसायीहरु मर्कामा परेका छन्। मासिक ५ देखी १५ हजार भाडामा बसेका व्यापारीहरुलाई मर्का परेको हो। उनिहरुले नगरपालिका क्षेत्रमा व्यवसाय गरेका कारण नगरपालिकालाई समेत कर तिर्दै आइरहेका छन्। आफूहरुले वर्षेनी नगरपालिका, उद्योग वाणिज्य संघ, घरेलु कार्यालय, स्थानीय लेखा नम्वरको कर तिर्नुपर्ने भएपनि फुटपाथका व्यापारीले आफ्नै पसल अगाडी आएर व्यापार गर्दा मर्कामा परेको व्यवसायीहरुको गुनासो छ।

विजुवारमा फलफुल तथा तरकारी व्यवसाय गर्दै आइरहेकी साबित्रा केसीले फुटपाथका व्यापारीले पसल अगाडी आएर व्यापार गर्दा आफूहरुलाई समस्या भएको बताइन्। 'हामीले मासिक १५ हजार भाडा तिरेर व्यापार गरिरहेका छौ', उनले भनिन्, 'तर उनीहरु करको दायरामा नआई सित्तैमा व्यापार गरिहेका छन्।' उनीहरुले भाडा तथा व्यवसाय दर्ता नगरी व्यापार गर्ने र कमसल सामान सस्तोमा दिने भएकाले ग्राहकहरु लुटिएका छन्। 'बिहानदेखी साझ, राती सम्म वस्दा पनि हामीलाई भाडा तिर्नै पुग्दैन', केसिले भनिन्, "फुटपाथका व्यापारीलाई हटाउने विषयमा फलफुल तथा तरकारी व्यवसायी समितीसँग पटक पटक छलफल भए पनि यहाँका स्थानीयले अटेर गर्दै व्यापार गरिरहेका छन्।'

प्यूठान नगरपालिकामा बारम्वार गुनासो गर्दा पनि यो विषयमा तत्काल उनिहरुलाई हटाइ हाल्न पर्ने स्थिती नभएको भन्दै जोगिन खोज्ने गरेको देखिन्छ। दर्ता नगरी सञ्चालनमा रहेका व्यापार व्यवसायहरु तत्काल दर्ता गरी सञ्चालन गर्न पहल गर्ने नगर प्रमुख विष्णु बहादुर योगीले बताए। उनले भने, "यो विषयमा तत्काल कुनै योजना छैन तर व्यवस्थापन गर्नु पर्छ भन्नेमा हामी सोचिरहेका छौं।" व्यवसाय दर्ता बिना सडक ओगटेर मनपरी व्यापार गर्दा समेत प्यूठान नगरपालिका, प्रहरी मौन रहने गरेको व्यवसायीहरुको गुनासो छ।

तरकारी र फलफुल दिनहुँ सयौं गाडि ओहोर दोहोर गर्ने स्थानमै राखेर बिक्रि गर्दा धुलोले छोपिएको सामग्रि बिक्रि गर्दा उपभोक्तामा मर्कामा परेका छन्। आफूहरु उनिहरुको बिरोधी नभएपनि करको दायरामा आई मापदण्ड अनुसार उनिहरु पनि चल्नपर्ने व्यसायीहरुको माग रहेको छ।

## फुसका छाना हटाउँदै सरुमारानी गाउँपालिका



*निर्वाचनका बेला घोषणा गरेको अभियान अनुसार सरुमारानी गाउँपालिकाले फुसका छाना हटाउने अभियानलाई तिब्रता दिएको छ। आफूहरु निर्वाचित भए बिपन्न र असहाय समुदाका मतदातालाई फुसका छाना हटाएर जस्ता पाताले घर छाइदिने सरुमारानी गाउँपालिकाको प्रतिवद्धता रहेको थियो। गाउँपालिकामा करिब ३ सय २२ जना बिपन्न घरधुरी फुसका छाना भएको र त्यसैको बिस्थापनका लागि जस्ता पाता लगाउने अभियानको थालनी गरिएको हो। अहिलेसम्म करिब ६७ जना भन्दा बढिलाई जस्ता पाता उपलब्ध गराइएको छ भने क्रमश अरुलाई पनि उपलब्ध गराउने गाउँपालिकाले जनाएको छ।*

*बिशेष गरी दलित, एकल महिला र विपन्न बर्ग र आगलागिको जोखिम भएका घरधुरीलाई जस्तापाता वितरणको लागि प्राथमिकताका आधारमा वितरणको प्रक्रिया अपनाइएको छ। फुसका छाना भएका घरमा आगलागिको जोखिम बढि हुने र हरेक वर्ष खरले छाइरहन पर्ने भएकाले त्यो झन्जटबाट मुक्त गराउन गाउँपालिकाले जस्तापाता निशुल्क उपलब्ध गराएको हो। गाउँपालिकाको यो कामले स्थानीय खुसी भएका छन भने गर्मिको समयमा जंगल र घरमै असावधानीबाट हुने आगलागिको जोखिम कम भएको उनिहरुको भनाई छ।*

झुलेनी पोष्ट

सम्पादकीय....

# स्ववियूको साख जोगाउ

*विद्यार्थी राजनीति सफा भए जस्तोसुकै परिवर्तन पनि यसले गर्नसक्छ । कुनै बेला स्ववियु भन्ना साथ परिवर्तनको संवाहकका रुपमा चिनिन्थ्यो । आज त्यो अवस्था छैन । त्रिभुवन विश्वविद्यालयका विद्यार्थीद्वय डम्मरबीर थापा र भक्तगोविन्द श्रेष्ठलाई तत्कालीन विश्वविद्यालय प्रमुख सूर्यबहादुर शाक्यले कारबाही गरेपछि आन्दोलित बनेका विद्यार्थीका कारण स्थापित भएको स्ववियुले तानाशाही व्यवस्थालाई समेत परिवर्तन गर्न सशक्त योगदान पुर्याएको इतिहास छ।*

*स्ववियुकै स्थापनाको लागि पनि विद्यार्थीले सानो संघर्ष गर्नु परेन ! तत्कालीन समयमा विश्वविद्यालयको मनपरीतन्त्र रोक्न विद्यार्थीको युनियन चाहिने माग उठेको थियो । यद्यपि शासकहरु विद्यार्थीको सो मागप्रति सकारात्मक थिएनन्। विद्यार्थीहरुको आन्दोलन भने निरन्तर चर्कियो। विद्यार्थी आन्दोलनको केन्द्र बन्यो त्रिवि। फलस्वरुप औपचारिक रुपमा २०२० सालमा स्ववियुको स्थापना भएको हो । स्थापित स्ववियुको पहिलो चुनाव २०२० भदौ २० गते भएको इतिहास छ। त्यो निर्वाचनमा प्रगतिशील पक्षले जित हात पार्यो। यद्यपि, १९९१ सालमा नै राणा शासनविरुद्ध संघर्ष गर्न बनारसमा 'नेपाली विद्यार्थी संगठन'को स्थापना भयो। २००४ सालमा विज्ञान, गणित, अर्थशास्त्रजस्ता विषयको पठनपाठनको शैक्षिक माग राख्दै राणाविरुद्ध 'जयतु संस्कृतमको विद्यार्थी आन्दोलन स्मरणीय छ।*

*०२८ सालमा पञ्चायत सरकारले शिक्षा नीति जारी गर्दैगर्दा 'स्ववियु र जनासंगठनहरुमाथि प्रतिवन्ध ऐन २०२९' पनि जारी गर्‍यो। राज्यले प्रतिबन्ध लगाएपछि विद्यार्थीहरु आन्दोलित बने । २०३६ सालमा आएर मात्र सो प्रतिबन्ध फुकुवा भयो। यसरी पटक  पटक राज्यको तारो बन्दै, लड्दै अघि बढेको विद्यार्थी संगठनहरुले ०४६ सालको आन्दोलनदेखि ०६२/०६३ सालको जनआन्दोलन सफल बनाए। अव विद्यार्थीहरुले विश्वविद्यालयको शिक्षामा जीवन खोज्ने समय आएको छ । र त्यसको लागि विश्वविद्यालय-क्याम्पसको नीति निर्माण सँगै कार्यान्वयनमा विद्यार्थी प्रतिनिधित्व सुनिश्चित गर्न परिकल्पना गरिएको संरचना स्वतन्त्र विद्यार्थी युनियनलाई 'रिभाइभ' गर्नुपर्छी केबल दलका स्वार्थ बोकेर क्याम्पसभित्र पौँठेजोरी खेल्ने गर्दा स्ववियुको पूरानो साख जोगिदैन।*

# एमालेको 'मिसन ग्रासरुट'



राजेन्द्र मानन्धर

एमालेको 'मिसन ग्रासरुट' अभियान चलिरहेको छ। पार्टीको जरा संगठन टोल कमिटीसम्म पुगेर केन्द्रकै टोलीले उपचार गर्ने यो अभियान सफल पार्न 'फस्ट एड बक्स' बोकेर केन्द्रीय नेताहरू जिल्ला सदरमुकामहरूमा पुगिसकेका छन। जिल्लास्तरको बैठक गरेर टोल कमिटीसम्म अभियान फैलाउने तालिका तयार गरिएको छ। यो अभियान चिनियाँ नेता माओले आमाबाट प्राप्त गरेको शिक्षासँग मिल्दोजुल्दो देखिन्छ। सायद अध्यक्ष केपी शर्मा ओलीलाई पनि एमालेको जरामा मलजल नपुगेको अनुभूति भएको छ। जराको उपचार सकिएपछि लाग्न सक्छ, रोग त हाँगा र टुप्पामा पनि पो रहेछ र त्यहाँ पनि उपचार जरुरी छ।

कुनै समय आमा बिरामी पर्दा बगैंचा हेरचाहको जिम्मेवारी माओले पाएछन। केही दिनपछि आमा तंग्रिएर बगैंचा पुग्दा डाँठहरू सुकेका र पातहरू पहेंलो हुँदै गएका देखिछन। छोराले बगैंचा स्याहार नगरेको ठानेर आमा रिसाइछन। दैनिक पात पुछ्दै, हाँगाहरू पानीले सफा गरे पनि बोटबिरुवाको हालत खराब भएको माओले स्पष्टीकरण दिएछन। यो सुनेपछि आमाले भनिछन्, 'तिमीले मिहिनेत गरेछौ, तर सही ठाउँमा गरेनछौ।' जरामा पानी हालेको भए हाँगा र पात सुक्दैनथ्यो। यो अर्तीपछि माओले चीनको जरा, ग्रामीण किसानबाट क्रान्ति सुरु गरे।

यसकै जगमा जनगणतन्त्र चीनको स्थापना भयो। एमालेले पनि जरा संगठनका रूपमा रहेको टोलसम्मका पार्टी प्रणालीमा उपचार गर्ने अभियान ल्याएको छ। जराहरू स्वस्थ र सञ्चारित भए भने पार्टीका हाँगा, डाँठ र पातहरू बलिया हुन्छन। यसअघि पार्टीका जराहरू कमजोर भैरहेकोप्रति त्यति वास्ता गरिएन।

जरालाई माया नगर्ने व्यवहार विकसित हुँदै गयो। जरा संगठनले पाउनुपर्ने अधिकारहरू कटौती हुँदै गए। जस्तो गत स्थानीय निर्वाचनमा, जसले जिताउनुपर्ने हो, उसलाई बेवास्ता गरियो। उम्मेदवार छनोटको अधिकार कटौती गरियो। काम मात्र थोपरियो। माथिल्ला कमिटीबाट वडा र पालिकामा उम्मेदवारहरू तोकिए। यसको परिणाम दुःखद आयो। पछिल्लो समय जरा संगठनलाई ध्यान नदिई टुप्पा टुप्पाबाट पार्टीका सबै निर्णय भइरहेका छन। निर्णय अधिकार खिच्ने, आफू आफू मिलेर लाभको बाँडफाँट गर्ने तथा राजकीय पद र सुविधाहरूको खिचातानी गर्ने परिपाटी अस्वाभाविक रूपमा देखियो। हाँगा र पातहरूमा अनेक विकृति फैलिएपछि पार्टी थेग्ने जराहरू शिथिल र रोगी हुन थाले। हालै सकिएको तीनै तहका निर्वाचनमा जराले आफ्नो तागतसम्म प्रस्तुत गर्न सकेन। संसदीय प्रतिस्पर्धामा अब्बल एमालेले मार्गदर्शन सिद्धान्त जनताको बहुदलीय जनवाद (जबज) को सफल प्रयोग गरिरहेको छ।

नेपाली विशेषतासहितको जबजको जगमा एमालेले जनमत पाइरहेकै छ। यति हुँदाहुँदै पनि संगठन नै संगठन भएको पार्टी किन असंगठितजस्तो लाग्छ ? विचार भएको पार्टीका नेता-कार्यकर्ता किन दोबाटाको यात्रीजस्तो अलमलमा छन ? पार्टीको आधार मानिएको जनवर्गीय संगठनहरू किन शक्तिहीन भैरहेका छन ? यस्ता प्रश्नहरू मिसन ग्रासरुटले निरूपण गर्ने अपेक्षा छ। निर्वाचन परिणाम सोचेभन्दा फरक आउँदै छ भन्ने पत्तो नपाउने ग्रासरुट संगठनहरू त्यति बेला निदाएकै थिए त !

भुइँ संगठनहरूमा लागेको रोग निदान गर्न यस पटक केन्द्रीय टोली खट्ने भनिएको छ। परन्तुः यो 'दौडाहा टोली' मात्र हुन सक्छ। दौडेर पुग्ने, दौडेर फर्कने मात्र गर्दा वडास्तर संगठन सुदृढ गर्ने अभियान प्रभावकारी हुन सक्दैनन। हुन त, ग्रासरुटमा खटिएका पार्टी नेताहरू ६० दिनसम्मै जनताका घरमा हुने भनिएको छ। नेताहरूको सुविधा भोगलाई निरुत्साहित गरिएको छ। प्रत्येक दिनको कामको दैनिक कार्यतालिका केन्द्रमा सम्प्रेषण गर्न भनिएको छ। चुनौतीहरू सामना गर्न र नवीन विचार दिन सक्ने नेता-कार्यकर्ता उत्पादन गरिने उल्लेख छ। तर्कशील, मिहिनेती, श्रमजीवी नेता र कार्यकर्ता बनाउने लक्ष्य राखिएको छ। यसका लागि एमालेका केन्द्रीय पदाधिकारीहरूले सात प्रदेशको बैठकमा भाग लिइसकेका छन। ७७ जिल्लाका बैठकहरू पनि सकिएका छन। केन्द्रीय सदस्यले आफ्नो जिल्ला र पालिकाभन्दा फरक स्थानमा काम गर्नुपर्ने सूची सार्वजनिक भएको छ। तिनले सबै वडामा काम गर्नेछन। आवश्यकताका आधारमा टोल कमिटीसम्म पुग्नेछन। नेताहरूले घरघरमा पुगेर जनताका समस्या बुझ्नेछन। गुनासाहरू पहिचान गर्नेछन। निर्वाचन जितिएन भने पार्टीले शासन गर्न सक्दैन।

जबजको मार्गदर्शन अनुसार समाजवादका आधार तयार गर्न सत्तामै पुग्नुपर्छ। पार्टी बाहिरका कारकबाहेक पछिल्ला निर्वाचनहरूमा सोचे अनुरूप परिणाम नआउनुमा अन्तर्घात र अस्वस्थ अन्तरसंघर्ष मुख्य कारण भएको एमालेको निष्कर्ष छ। अहिलेको अभियानले यसैको उपचार गर्ने उद्देश्य लिएको छ। त्यस्तै प्रविधिको उचित प्रयोग गर्न पनि पार्टी पंक्ति चुक्दै छ।

मिसन ग्रासरुटले कार्यकर्ताहरूलाई प्रविधिको दास बन्ने हैन, प्रविधिको उपयोग गर्न सिकाउँछ। यसको विकृत पक्षबाट जोगिन पहल गर्छ। अभियानले पार्टी संगठनहरूका इन्जिनका पार्टपुर्जा कसकास गर्छ। तल्ला संगठनको जराको ओखती गर्छ। पार्टी सदस्यता नवीकरण गर्न शिविर सञ्चालन गर्छ। नयाँ सदस्यलाई आकर्षित गर्छ। राजनीतिक दलका लागि पार्टी सदस्य ठूलो सम्पत्ति हो। *इकान्तिपुरबाट साभार*


## उद्योगी, व्यवसायी तथा उपभोक्ता वर्गमा अनुरोध

उपभोग्य वस्तु खरिद बिक्रि तथा उपभोग गर्नुअगाडि देहायका कुराहरुमा ध्यान दिई सचेत उपभोक्ता एवं जिम्मेवार व्यसायीको परिचय कायम गरौं ।

- उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन गरौं ।
- उद्योगबाट निस्कने ठोस तरल तथा अन्य फोहरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यवस्थापन गरौं ।
- बिक्रि गर्ने बस्तुहरु समय समयमा निरिक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्रि स्थलमा नराखौं ।
- बिक्रियोग्य बस्तुको आवश्यकता अनुसारको तापक्रममा भण्डारण गर्ने गरौं ।
- बिना इजाजत सुर्तिजन्य र मदिराजन्य वस्तुहरुको बिक्रि वितरण नगरौं ।
- औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्रि गर्नु दण्डनीय अपराध भएको हुँदा त्यस्तो कार्य नगरौं ।
- कारोवार स्थलमा साइनबोर्ड तथा मुल्यसूची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं ।
- उपभोग्य वस्तु खरिद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/दिने गरौं ।
- उपभोक्ताले कुनैपनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति, मुल्य, तौल, उपभोग्य मिति, गुणस्तर आदि उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं ।
- प्लाष्टिकको झोलाको विकल्पमा कपडा वा अन्य झोला प्रयोग गरौं ।
- कृत्रिम अभाव श्रृजना गरिएको, कमसल वस्तु बिक्रि वितरण गरेको पाइएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारि गरौं ।

अनुरोधक : घरेलु तथा साना उद्योग विकास कार्यालय, खलङ्गा प्यूठान

# नयाँ सार्वजनिक सेवाको प्रभावकारिता



श्याम प्रसाद मैनाली

राज्य र सरकारको उद्देश्य आफ्ना नागरिकहरूलाई सुविधा र सेवा उपलब्ध गराई सुशासन प्रदान गर्नु हो । यही उद्देश्य प्राप्तिका लागि विश्वका लोकतान्त्रिक देशहरूमा विभिन्न प्रकारको प्रयोग भइराखेको पाइन्छ । धेरै प्रकारका असल अभ्यासको प्रयोग र सिद्धान्तको प्रतिपादन हुँदै आएका छन् । सार्वजनिक सेवा प्रदान गर्ने सन्दर्भमा विषेशतः तीन पात्र सेवा प्रदायक संस्था, सेवाग्राही र सेवाप्रदायक महत्वपूर्ण हुन्छन् । यी तीनवटै पात्र सबल, सक्षम र क्षमतावान् हुँदा मात्र अपेक्षित उपलब्धि हासिल हुन सक्छ । सेवा प्रदायक संस्थाको व्यवस्थापनमा सुधार हुँदै गर्दा जनता लाभान्वित हुन सक्छन् । व्यवस्थापनको सन्दर्भ अत्यन्त संवेदनशील हुन्छ । विभिन्न कालखण्डमा व्यवस्थापन चुस्त र प्रभावकारी बनाउने क्रममा प्रशासन र व्यवस्थापनका विद्वानले धेरै प्रकारका योगदान गर्दै आएका छन् । प्रारम्भमा सार्वजनिक प्रसासनले आफ्नो प्रभाव संगठनमा कायम गरेको थियो । प्रशासन र व्यवस्थापन एकअर्काका पूरक हुन् र एकले अर्कालाई आफ्नो एक अंशका रूपमा मात्र स्वीकार गरेका छन् ।

प्रशासन र व्यवस्थापनको विवाद यथावत् रहेकै अवस्थामा नयाँ सार्वजनिक व्यवस्थापनको अवधारणाले द्रुत गति लिन पुग्यो । लामो समयसम्म यसमा विकासोन्मुख देशहरूले प्रतिपादन र अभ्यास गर्दै गए । यसमा निजी क्षेत्रलाई प्रश्रय दिई निजी क्षेत्रबाटै र सार्वजनिक क्षेत्रसँग यसको समन्वयका आधारमा सार्वजनिक सेवालाई प्रभावकारी बनाउने तरिकाको उल्लेख गरिएको छ। सैद्धान्तिक अवधारणाको विकासबाट निजी क्षेत्रलाई सार्वजनिक सेवामा समाहित गराउने अभिप्रायले बजारबाट काम लगाउने र सार्वजनिक क्षेत्र आफैंले विश्व परिवेशमा आएको परिवर्तनका आधारमा आफ्नो आन्तरिक बजारको अवस्थालाई समेत दृष्टिगत गरेर बजार र परिवेश अनुकूल व्यवस्थापन गर्ने पहलकदमी हुँदै आएको छ । आर्थिक, संरचनात्मक र राजनीतिक व्यवस्थापनलाई मध्यनजर गर्दै नयाँ सार्वजनिक व्यवस्थापनले आफ्नो प्रभावकारिता कायम गरिराखेको छ।

सार्वजनिक व्यवस्थापनमा नयाँ सार्वजनिक व्यवस्थापनको प्रयोगबाट समेत अपेक्षित उपलब्धि प्राप्त हुन नसकेको महसुस भयो । यसका सकारात्मक र नकारात्मक पक्ष’दयगत बहस र विश्लेषण हुँदै गर्दा समसामयिक सुधारको आवश्यकता हुन थाल्यो । नयाँ सार्वजनिक व्यवस्थापनको प्रादुर्भाव सेवा प्रवाहमा लोकतान्त्रिकरणका मूल्य र मान्यताका आधारमा गर्न खोजिएको छ । यसका लागि नीतिनिर्मातालाई सार्वजनिक सेवा प्रवाहका लागि उत्तरदायी बनाउने कार्यतर्फ सेवाग्राही तथा अन्य नागरिक समाज संस्था वा नागरिक समूह क्रियाशील हुनुपर्छ । नागरिक सहभागितात्मक बजेट निर्माण, सहभागितात्मक योजना तर्जुमा, सूचना प्रवाहमा चुस्तता, सञ्चारमाध्यमबाट स्वतस्फूर्त सूचनाप्रवाहलाई प्रभावाकारी बनाउन सहयोग पुग्छ । नागरिकलाई क्रेताका रूपमा होइन सार्वभौमसत्ता सम्पन्न नागरिकका रूपमा सम्मान दिई सेवा प्रवाह गर्नुपर्ने बहस यसले चलाएको छ । यदि व्यक्तिगत र सार्वजनिक भलाइका सन्दर्भमा समन्वय हुन नसक्दा र विवादित बनेमा सार्वजनिक भलाइलाई सर्वोपरि प्राथमिकतामा राख्नुपर्छ ।

सार्वजनिक सेवाको उद्देश्य उद्यमशिलताको विकास गर्नु, नाफा आर्जन गर्नुभन्दा नागरिकलाई उनीहरूको अधिकारको व्यवहारमै प्रत्याभूति गर्ने प्रकारले गरिनुपर्छ। राज्य वा सरकारले व्यापार व्यवसाय गर्ने होइन सामाजिक दायित्वको निर्वाह गर्न सेवकका रूपमा प्रस्तुत हुनुपर्छ। सेवा प्रदायकले आफ्नो कार्य सम्पादन गर्दा लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् व्यवहारमै गर्नुपर्छ । जनतालाई केन्द्रबिन्दुमा राखेर उनीहरूको स्वार्थ र आवश्यकता सेवाग्राहीले नै स्वामित्व ग्रहण गर्नु आवश्यक छ। लोकतान्त्रिक प्रक्रियाको अवलम्बन गर्दा राजनीतिक चिन्तन हुनुपर्छ। देशले अवलम्बन गरेको राजनीतिक प्रणाली नयाँ सार्वजनिक सेवाका हिसाबले सहयोग सिद्ध हुने स्थिति हो वा होइन ? विश्लेषण हुनु जरुरी छ । विश्लेषणका आधारमा समयसापेक्ष परिमार्जन हुनुपर्छ । सोहीअनुसारको रणनीति तय गरिनुपर्छ ।

यसमा अत्याधिक महत्वको विषयका रूपमा सेवाग्राहीको जनताप्रतिको जवाफदेहिता स्पस्ट गरिनुपर्छ । नियन्त्रण गर्ने र शासन गर्ने सोचबाट मुक्त भई सेवाभावले प्रेरित हुँदै नागरिकप्रति समर्पित हुन सक्नुपर्छ। उत्पादन र उत्पादकत्वभन्दा नागरिकलाई केन्द्रबिन्दुमा राखी सहज र सरल तरिकाले सेवा प्रवाह गर्नु गराउनु नै नयाँ सार्वजनिक सेवाको मूल उद्देश्य हो। जनतासँग सहकार्य र सहभागितात्मक प्रक्रियाको अवलम्बन गर्दै आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ । जनताको विश्वास आर्जन गर्न सक्ने वातावरण सेवा प्रदायकले सिर्जना गर्न सक्नुपर्छ। लोकतान्त्रिक सहभागितालाई मूल मन्त्रका रूपमा ग्रहण गर्दै सरकारको मान्यतालाई अभिवृद्धि गर्नुपर्छ। कुनै निर्णय गर्नुपूर्व ती निर्णय कार्यान्वयन सहज बनाउन सक्नुपर्छ ।

यसका लागि सार्वजनिक सेवाप्रवाह जनताले स्वागत गर्दै सरकारी कार्यहरूको स्वामित्व ग्रहण गर्ने अवस्था बनाउन सक्नुपर्छ। सार्वजनिक क्रियाकलापमा नागरिकलाई सबलीकरण, सशक्तीकरण र मूल प्रवाहीकरण गर्नु जरुरी हुन्छ । जनतासँग सम्बन्धित सबै प्रकारका सूचना सेवाग्राहीले स्वतः प्राप्त गर्ने संयन्त्र र बहुलवादको निर्माण गरिनुपर्छ। जनतासँग सम्बन्धित विषयमा उनीहरूसँग साक्षात्कार गरेर, प्रत्येक विषयमा जनतासँगकै अन्तर्क्रियाका आधारमा विश्लेषण गर्ने र मतैक्यता कायम गरेर निर्णयमा पुग्नु जरुरी हुन्छ।

सबै प्रकारका सार्वजनिक सम्पत्तिमा जनताको अपनत्व कायम गरि नुपर्छ। सम्पत्ति आफ्नै भएको भावनाका साथ जनताले नै त्यस प्रकारको सम्पत्तिको संरक्षण गर्ने अवस्था सिर्जना हुनुपर्छ । सार्वजनिक मूल्य र मान्यतालाई सिरोपर गर्दै सार्वजनिक निकायले नाफा कमाउने दृष्टिकोण परित्याग गर्न सक्नुपर्छ। लोकतान्त्रिक मूल्य मान्यता र बहुलवादको आधुनिक अवधारण आत्मसात् गर्दै प्रभावकारी कार्यान्वयन गरिनुपर्छ। जिम्मेवारीको निर्वाह गर्दा संयुक्त रूपमा गर्ने बानी बसाल्नुपर्छ। सबै प्रकारका नीति र कार्यक्रमको अन्तिमस्वरूप तयार पार्दा नागरिकका आवश्यकता र मागका आधारमा गर्नुपर्छ । नेतृत्वमा दीर्घकालीन सोच हुनुका साथै संयन्त्रमा लोकतान्त्रिक आचरण अनिवार्य हुन्छ । बजारको विकास कुन रफ्तारमा भइराखेको छ त्यो अवस्था आत्मसात् गरेर बजारमा आउने परिवर्तनलाई नियाली त्यसैका आधारमा अघि बढ्न सक्ने क्रियाशिलता संयन्त्र वा सेवाप्रदायकसँग हुनुपर्छ।

नागरिकका चासोका विषयमा आउँदै गरेको परिवर्तन, विद्यमान संविधान, कानुन, राजनीतिक मूल्य र मान्यता, सामुदायिक भावना र स्तर’दयगतमा विस्तृत ज्ञान र जानकारी सेवा प्रदायकमा हुनुपर्छ। यही आधारलाई स्वीकार गर्दै नयाँ सार्वजनिक सेवाका लागि केही सिद्धान्त प्रतिपादन भएका छन् । लोकतान्त्रिक बहुलवाद र बहुलवादलाई स्वीकार गर्ने संस्कारको विकास हुनुपर्छ। सेवाप्रवाहका लागि गरिने सबै प्रकारका क्रियाकलापमा कुनै प्रकारको गोपनीयता कायम गर्ने, जनताका नाममा गरिने सेवाप्रवाह गर्दा उनीहरूलाई नै गुमराहमा राख्ने दुस्प्रयास अस्वीकार गर्दै सबै कार्यहरूको सम्पादन खुला प्रकारले गरिनुपर्छ। सबै सेवाग्राहीले सार्वभौम नागरिकका रूपमा सम्मान प्राप्त गरी उनीहरूको सबै प्रकारको पहिचानलाई स्थापित गराउने गरी सार्वजनिक निकायहरू संस्था र यसका पात्र परिचालित हनुपर्छ। विभिन्न पहिचान भएका नागरिकबीच ध्रुवीकरणलाई निरुत्साहित गरिनु जरुरी छ।

सबै प्रकारका विविधताबीच राष्ट्रिय एकता र मतैक्यता कायम गर्ने प्रयास इमानदारिताका साथ हुनु अत्यावश्यक छ। कार्यहरूको पहिचान, तर्जुमा, कार्यन्वयन, मूल्यांकन, पृष्ठपोषण, सबै चरणमा सामूहिक रूपमा निर्णय लिने, विवादरहित अवस्था सिर्जना गर्ने प्रयासलाई उच्च प्राथमिकता प्रदान गर्नुपर्छ । कुनै प्रकारका विवादको सिर्जना हुँदा मध्यस्थताका आधारमा सवै विवादित पक्षलाई समुचित लाभ पुग्नेगरी सम्झौता र समझदारी गरिनुपर्छ।

नयाँ सार्वजनिक सेवाप्रवाह गर्दा यसको प्रभावकारिताको अभिवृद्धि गर्ने अभिप्रायले सार्वजनिक संयन्त्र र नागरिक एवं नागरिक संस्थाबीच सम्पर्क घनिष्ठ हुने प्रकारले व्यापक सञ्जालको विकास गरिनुपर्छ । नागरिक समाज, उपभोक्ता समूह, सेवाग्राहीको अन्य कुनै पनि प्रकारको सामूहिक मञ्च वा संगठनसँग पटकपटक विभिन्न चरणमा अन्तर्क्रिया हुनुपर्छ । लोकतान्त्रिक शासनका आधारमा सार्वजनिक संयन्त्र परिचालित भएको सन्दर्भमा जनतालाई विश्वस्त बनाउन लोकतान्त्रिक शासन प्रणाली’दयगत सबैलाई जानकारी दिलाउने बहुलवादको विकास हुनुपर्छ । नागरिक अधिकारको निर्वाध रूपमा व्यवहारमै उपयोग गर्न पाइराखेको अनूभूति नगरिकलाई गराई विश्वस्त तुल्याउने सत्प्रयास हुनुपर्छ।

सेवाप्रवाह नतिजामुखी र लक्षित वर्गसँग सम्बन्धित गराउने लक्ष्य राख्ने हो भने सेवा प्रवाहलाई लोकतान्त्रिक प्रणालीसँगको आबद्धता अनिवार्य हुनुपर्छ । नतिजामुखी गन्तव्यका आधारमा प्रदान गरिने सेवा सधैं सेवा लक्षित वर्गसँग घनिष्ठ रूपमा सम्बन्धित रहन्छ । तसर्थ, सेवाप्रवाह नागरिक केन्द्रित रहनुपर्नेमा सबै लोकतान्त्रिक देश सर्वसम्मत देखिएका छन्। सार्वजनिक सेवालाई सरल, सहज र गुणस्तरीय बनाउने परिवेशमा आएको परिवर्तनलाई सहजताका साथ समयसापेक्ष सुधार गर्दै जाने प्रकारले स्थायी संयन्त्रको निर्माण गरी सेवाप्रवाहलाई निरन्तरता दिनुपर्ने मान्यता नयाँ सार्वजनिक सेवाले आत्मसात् गरेको छ। नयाँ सार्वजनिक सेवा निरपेक्ष रूपमा नयाँ अवधारणाका रूपमा प्रतिपादित भएको नभई यो नयाँ सार्वजनिक व्यवस्थापनका कमीकमजोरीलाई पहिचान गरी त्यसमा सुधार गर्ने वा उपचार गर्ने सोचका साथ प्रयोगमा आएको नयाँ अवाधारणा हो। लामो समयदेखि सरकारको अवधारणामा नै परिवर्तन (रिइनभेन्टिङ गभर्नमेन्ट)लाई परिमार्जन गर्ने सोचका साथ विद्वानले गरेको योगदानलाई ग्रहण गरिनुपर्छ।

यसको गन्तव्य नयाँ सार्वजनिक व्यवस्थापनका विकृतिलाई उपचार गर्दै समयसापेक्ष सुधार गर्नु हो । यसका कमजोरीको पहिचान नगरी नयाँ सार्वजनिक व्यवस्थापनको आधिपत्यको निरन्तरतालाई सच्याई पूर्णरूपमा लोकतान्त्रिक बहुलवाद, मूल्य र मान्यताका आधारमा जनतालाई गुणस्तरयुक्त सेवा प्रदान गर्नु हो। यस अर्थमा नयाँ सार्वजनिक सेवाप्रवाहका अवधारणा इमानदारिताका साथ कार्यान्वयनमा लैजानु नै सार्वजनिक संयन्त्रमा जनताको पक्षमा उपस्थिति दिनु हो। यसको प्रभावकारितालाई उच्च सम्मान गर्नुपर्छ।

राजधानी दैनिकबाट साभार।


## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चपी प्रयोग गरिसके पछि सावुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं । घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर बर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने काम नगरौं

अनुरोधक : खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, प्यूठान

## झुलेनी पोष्ट साप्ताहिकमा

लेख, रचना, कविता, समाचार, सुचना, सन्देश, बधाई, समवेदना लगायत अन्य जुनसुकै विविध विषयको प्रचार प्रसार र प्रकाशन गर्नुपरेमा हामिलाई सम्पर्क गर्नुहोस् ।

झुलेनी युनाईट नेटवर्क प्रा.लि., विजुवार भौका प्यूठान
फोन : ०८६-५९०४३६, Email : jhulenipyuthan@gmail.com

# गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**ऐरावती गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय, बरौंला प्यूठान



# नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**स्वर्गद्वारी नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान


# आफू मरेपछि अन्त्येष्टिमा को-को आउँदा रहेछन् भनेर एक व्यक्तिले गरे मरेको नाटक

ब्राजिलका एक व्यक्तिले आफ्नो अन्त्येष्टिमा को आउँछ भनेर जान्न मरेको नाटक गरेका छन् । सेरेमोनियालिस्ट' को रूपमा ६० वर्षका बाल्टा'जार लेमोसले सयौंको अन्त्ये'ष्टि गरिसकेका छन् । यो अवधिमा उनले कसैको अन्तिम संस्कारमा दुई जना आउने गरेको र कसै'को भने ५ सय जनासम्म आउने गरेको देखेका थिए । हालै, उनलाई पनि आफ्नो अन्तिम संस्कारमा आफ्ना को कति साथी र आफन्त आउलान् भन्ने उत्सुकता जाग्यो त्यसैले उनले मरे'को नाटक गरे । त्यो पनि, अन्तिम संस्का'रमा को को आउँछन् त भनेर हेर्नका लागि मात्रै । जनवरी १० तारिखमा कसैले बाल्टाजार लेमोस'को सोसल मिडियामा बाल्टाजारको निधन भएको कुरा पोस्ट गरे ।

त्यसमा लेखिएको थियो, 'यो दुःखद अपराह्नमा बाल्टाजारको नि'धन भएको खबर दिन चाहन्छु । थप जानका'री छिट्टै दिनेछौं ।'त्यसको एक दिन'अघि साओ पाउलोस्थित अल्बर्ट आइन्स्टाइन अस्प'तालको अगाडि बसेको उनको तस्बिर पोस्ट गरिएको थियो, त्यसैले यो कुरा धेरैले पत्याए । लेमोसको परिवारलाई यो घोषणाले चकित बनायो किन'भने उनी अःस्पताल भर्ना भएको कसै'लाई पनि थाहा थिएन । उनका एक जना भतिजो अल्बर्ट आइन्स्टाइन अस्पःताल गएर उनीबारे बुझे तर बाल्टाजार लेमो'स त्यहाँ भर्ना भएको कुनै रेकर्ड थिएन ।

बाल्टाजारका अनलाइनका साथीले उनी बितेको दुःखद खबर सेयर गर्न सुरु गरे । कमेन्टमा धेरैले श्र'द्धाञ्जली दिए र मृत्यु के कारणले भएको थियो भनेर धेरैले सोधि'रहेका थिए । तर यस'बारे केही जानकारी दिइएको थिएन । यद्यपि, अन्तिम संस्कार कहाँ र कहिले गरिनेछ भनेर उनको फेस'बुक अकाउन्टमा भने जान'कारी दिइएको थियो ।

जनवरी १८ तारिखमा उनका साथी'भाइ र आफन्त बाल्टा'जारको पैतृक घर भएको सहर कुरिटिबामा जम्मा भयो जहाँ उनको कथित अन्तिम संस्कार आयोजना भइ'रहेको थियो । एक प्रहरमा बाल्टा'जारले आफ्नो जीवन'बारे बोले । त्यति बेला धेरै मानिस रोए किन'भने धेरैले त्यो रेकर्ड गरिएको होला भनेर सोचेका थिए। त्यस'पछि एउटा ढोका खोलियो र उनी सबैको सामु उप'स्थित भए । अनुमान गर्न सकिन्छ कि त्यति बेला मानिस'हरूको प्रति'क्रिया कस्तो थियो होला। कोही रु'न थाले, कोही मुख खो'लेर हेरिरहे तर जब उनले आफू म'रेको नाटक गरेको भने तब त्यहाँ उपस्थित धेरैले उनी'माथि अत्या'चारको आ'रोप लगाए ।

'तिमीले के चाहेको थियौ, त्यो पायौ बाल्टाजार, मानिस'हरूको ध्यान आक'र्षित गर्न । इभेन्ट फोटो'ग्राफरहरूको सबै समूहमा तिम्रो मृत्युको कुरा भइ'रहेको छ । सबै जना दुखित थिए । कस्तो अना'वश्यक ठट्टा । मलाई लाग्छ 'तिम्रो अन्तिम संस्का'र' मा आएका सबै जनासँग तिमीले फोटो खिच्नु'पर्छ । मैले तिमी-लाई निजी रूपमा चिन्दिनँ तर हाम्रो कहिल्यै भेट नहोस् भन्ने म चाहन्छु,' एक जनाले वास्त-विकता थाहा पाएपछि कमेन्टमा लेखे'का छन् । बाल्टाजार लेमोसको कथा सोसल मिडिया'मा आःगो सरी फैलियो । उनको उद्देश्य के थियो भनेर धेरैले उनलाई सम्पर्क पनि गरे ।

उनले मानिस'हरूलाई दुःखी बनाउनु आफ्नो अभिप्रा'य नभएको बताउँदै आफ्नो मृ ःत्यु हुँदा को-को आउँछन् भनेर थाहा पाउन यस्तो गर्नुपरेको बताए। 'यसबारे मलाई ५ महिना अघि सोच आएको थियो। म साँच्चैनै मरेको हुँ भनेर देखाउन चाहन्थे। मानिस'हरूले यसलाई आफ्नै तरिकाले व्याख्या गरे ।

तर मेरो अन्तिम संस्कारमा को आउँछ भनेर म हेर्न चाहन्थें,' लेमोसले भने। 'मैले यसबारे कसैलाई पनि भनिनँ किनभने यसैले काम चल्छ जस्तो लाग्यो। कसै'लाई दुःखी बनाउने, मान हानी गर्ने मेरो उद्देश्य थिएन । म सबैसँग मा'फी माग्न चाहन्छु ।'


# गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्जवल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**
**सरुमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बड्डाँडा प्यूठान, लुम्बिनी प्रदेश

# मिसन ग्रासरूटको अवसरमा चौतारीको भेला

भुलेनी नेटवर्क
प्यूठान



प्यूठान । प्रेस चौतारी नेपाल जिल्ला शाखा प्युठानले 'मिसन ग्रासरुट' अभियानलाई लक्षित गरि जिल्ला भेला सम्पन्न गरेको छ । शहिद उमेशचन्द्र स्मृति प्रतिस्तान बिजुवारमा सप्पन्न भेलाले जारी रहेको 'मिसन ग्रासरुट' अभियानलाई प्रभावकारी रुपमा सम्पन्न गर्न प्रचारप्रसारको काम गर्ने निर्णय गरेको हो । भेलामा प्रमुख अतिथि नेकपा (एमाले) प्युठानका अध्यक्ष बिजय बिराज बिष्टले पार्टीले थालेको अभियान अहिले तीव्र रुपमा अघि बढेको बताउँदै यस अभियानले पार्टी सुद्रढीकरण र बिस्तारमा सहयोग पुगेको बताए । अध्यक्ष बिष्टले चौतारीको गतिविधिलाई ब्यापक बनाउन कार्ययोजना सहित अगाडी बढ्न समेत निर्देशन दिएका छन् । उनले जिल्लामा २३ वटा जनवर्गीय संगठन कृयाशिल रहेको उल्लेख गर्दै चैतारीको सदस्यता वृद्धि लगायतका बिषयमा ध्यान दिन आग्रह गरे। कार्यक्रममा पार्टी उप सचिब तथा प्रचार बिभग प्रमुख दिपा पौडेल, सचिवालय सदस्य तथा चौतारीका इन्चार्ज गिरु प्रसाद भण्डारी, प्रचार बिभागका पदाधिकारी लगायतले मन्तव्य राखेका थिए । चौतारीका जिल्ला अध्यक्ष बासुदेव गिरीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिब राम बहादुर बिश्वकर्माले गरेका थिए । एमाले प्यूठानको मिसन ग्रासरुट कार्यतालिका निर्माण नेकपा (एमाले) को पार्टी सुदृढीकरण तथा विस्तार अभियान 'मिसन ग्रासरुट' कार्यक्रम अन्तर्गत प्यूठानमा जिल्लास्तरीय र गाउँपालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी अहिले वडा स्तरीय अभियान सञ्चालन भइरहेको छ । जिल्लास्तरीय अभिमुखीकरण पछि दुई महिने मिसन ग्रासरुट अभियानलाई प्रभावकारी बनाउन पालिकाहरूमा प्रशिक्षण तथा वडा र टोलसम्मको सुक्ष्म योजनाहरू निर्माण गरी अगाडी बढ्ने निर्णय गरिएको छ ।

# महिलाहरू चुलोचौकामा मात्र सिमीत हुने होइन् : अध्यक्ष एमसी

भुलेनी नेटवर्क
प्यूठान

झिमरुक गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्रीले महिला दिदिबहिनी चुलो चौकोमा मात्र सिमित नभएर समाज रुपान्तरणको अभियानमा अगाडि बढ्नुपर्ने बताएका छन् । बुधबार झिमरुक गाउँपालिकाले आयोजना गरेको ११३ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा पालिका स्तरीय लोकगित तथा नृत्य प्रतियोगितामा शुभकामना मन्तव्य ब्यक्त गर्दै अध्यक्ष एमसीले आधा आकाश ढाकेका महिलाहरु हरेक काममा सक्षम भएकोले ढुक्क भएर अगाडि बढ्नुपर्ने बताएका हुन् ।

महिला पुरुष एकता बिना समाज रुपान्तरण हुन नसक्ने भन्दै सबै मिलेर राष्ट्र निर्माणमा लाग्नुपर्नेमा जोड दिए। उनले भने "हरेक क्षेत्रमा महिलाहरूलाई अर्थपूर्ण सहभागिता गराएर लैजानुपर्ने हुन्छ" त्यस्तै गाउँपालिका उपाध्यक्ष प्रमोद पोखेलले मुलुकमा महिलाहरुको अधिकार प्राप्त भएकोले महिलाहरु स्वतःस्फूर्त रुपमा अगाडि बढ्नुपर्ने बताएका छन । उनले भने "अधिकार मात्र खोजेर हुदैन अधिकार प्राप्तीका लागि आफै लड्नुपर्दछ" महिलाहरू प्रबिधिसँग जोडिएर अधिकार र पहुँच स्थापित गर्नुपर्ने बेला भएकोले यस तर्फ सबै महिलाहरु लाग्नुपर्ने बताएका छन् ।

महिलाको बिषयमा संविधानले बिभिन्न अधिकारको ब्यवस्था गरेपनी कार्यान्वयन पक्षमा केही कठिनाई रहेकोले सबै सरकारवाला निकाय जिम्मेवार भएर अधिकार स्थापित गर्न लाग्नुपर्ने कार्यपालिका सदस्य संगीता परियारले बताईन् । पालिकाले महिलाका बिषयमा बनाएका योजना तथा कार्यक्रमहरुको जिम्मा महिलाहरूलाईनै कार्यान्वयनमा लैजान दिनुपर्ने उनको भनाइ थियो । यसैबिच गाउँपालिकाले आयोजना गरेको लोकगित तथा नृत्य प्रतियोगितामा पालिकाभरबाट २४ टिम सहभागिता रहेको आयोजकले जनाएको छ ।

लोकगित तथा नृत्य प्रतियोगितामा लैङ्गिक समानता महिला हिंसा न्यूनीकरणमा सहयोग पुग्ने गरि स्वर, लय, भाका भेषभुषा पोशाक नृत्य बाद्यवाधन लाई मुख्य आधार मानेर मुल्याङ्कन गरिएको आयोजकले जनाएको छ । एक टिममा कम्तिमा १० जनाले समुहमा सहभागिता जनाएका थिए । कार्यक्रममा प्रथम द्धितिय तृतीय हुने सहभागीहरुलाई क्रमश १४ हजार १२ हजार १० हजार र सान्त्वना हुनेलालाई ८ हजार नगद र प्रमाण पत्र प्रदान गरिएको यामलाल पोखेलले बताए ।

# दौड खेलाडिलाई गौमुखीले कक्षा १२ सम्म नि:शुल्क पढाउने

भुलेनी नेटवर्क
प्यूठान

गौमुखी गाउँपालिकाले १२ औं राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता अन्तर्गत दौड प्रतियागितामा जिल्ला प्रथम हुने खेलाडीलाई कक्षा १२ सम्म निशुल्क पढाउने भएको छ । गत फागुन १८ गते देखी २० गते प्यूठानमा रनिङ शिल्ड प्रतियोगिता आयोजना भएको थियो । जस अन्तर्गत ३ हजार र १५ सय मिटर दौडमा जिल्ला प्रथम हुने कुल बहादुर सुनार र अञ्जली मल्ललाई निशुल्क निशुल्क अध्यापन गराउने कार्यपालिकाबाट निर्णय गरिएको हो। कुल बहादुर सुनार अहिले अर्खा मावी अर्खामा कक्षा ९ मा अध्ययनरत् छन् भने अञ्जली मल्ल खरा मावीमा कक्षा ६ मा अध्ययनरत् छिन ।

गाउँपालिकाको सानो सहयोगले अध्ययन सँगै अतिरित्त क्रियाकलापमा पनि प्रोत्साहित गर्ने भएकाले कक्षा १२ सम्म निशुल्क पढाउने निर्णय गरिएको हो । यो सिकाइबाट बिभिन्न विद्यालयमा अध्यन गर्ने विद्यार्थीहरुलाई पनि हौसला मिल्ने गाउँपालिकाले अपेक्षा लिएको छ। पछिल्लो समय गौमुखी गाउँपालिकाले पढाईका साथ साथै खेल तथा अन्य सामाजिक क्रियाकलापमा सक्रिय पालिका भित्रका बालबालिका तथा विद्यार्थीहरुलाई सम्मान, पुरस्कृत एवम् आर्थिक सहयोग गर्दै आईरहेको छ ।

# जाल्पा लघुबित्तद्वारा मृत्यु दाबि भुक्तानी हस्तान्तरण

भुलेनी नेटवर्क
प्यूठान

जाल्पा सामुदायिक लघुवित्तले मृत्यु दावी रकम भुक्तानी गरेको छ । बीमा सुविधा वितरण कार्यक्रम मार्फत जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड बाहाने शाखाले मृतक भिमे घर्तिको परिवार सदस्यलाई मृत्यु दाबी भुक्तानी वापत ३ लाख ३० हजार सहयोग रकम हस्तान्तरण गरेको हो । नौबहिनी गाउँपालिका ६ प्युठान बाहाने शाखाका सदस्य भिमे घर्तिले जाल्पा लघुवित्तबाट एक वर्ष अगाडी होटल व्यवसाय गर्नको लागि ३ लाख ५० हजार ऋण लिएका थिए । केही महिना अघि उनको मृत्यु भएको थियो । बिहिवार जाल्पा सामुदायिक लघु वित्त वित्तीय संस्थाका अनुगमन प्रमुख कमल बहादुर महराले मृतकका श्रीमती चनमती घर्तिलाई ३ लाख ३० हजार सहयोग रकम हस्तान्तरण गरेका हुन् । साथै घर्तिले होटल व्यवसाय गर्ने भनी लगेको ऋणको बाँकि किस्ता समेत सबै मिनाहा भएको अनुगमन प्रमुख महराले बताए । ऋण दिँदाका बखत अकस्मता र भइपरि आउने घटनाबाट बँचनको लागि बिमा गर्ने प्रावधान अनुसार ऋणिहरु सबैको यसैगरी बिमा गर्ने गरिएको छ । लघुबित्तमा लाग्दा केहिँ हुँदैन भन्नेहरुका लागि यो रकम हस्तान्तरण गरिएपछि ऋणिलाई सुविधा पुग्ने अपेक्षा जाल्पा सामुदायिक लघुबित्त प्यूठानले जनाएको छ ।

## छोटकरी

# मल्लरानीमा 'फुड फेस्टिबल' हुने



प्युठान सदरमुकाम खलंगा नजिकै रहेको पर्यटकीय स्थल मल्लरानीमा 'फुड फेस्टिबल' हुने भएको छ। आउदो नयाँ वर्षको अवसरमा ३ दिनसम्म कार्यक्रम गर्न लागिएको हो । चैत ३० गतेदेखि बैशाख २ गतेसम्म बिबिध कार्यक्रम सहित 'फुड फेस्टिबल' मनाउन लागिएको आयोजक प्युठान उद्योग वाणिज्य संघ मल्लरानी बजार क्षेत्रका अध्यक्ष बासु प्रसाद श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रम सम्पन्न गर्न अध्यक्ष श्रेष्ठको संयोजकत्वमा १ सय १ सदस्यीय मुल आयोजक समिति गठन गरिएको छ। त्यसैगरी १९ सदस्यीय कार्य सम्पादन समिति गठन भएको छ । नेवारी लगायत बिभिन्न स्थानीय परिकारको स्वाद पस्किनुका साथै पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिने प्युठान उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष ईमानसिंह भारतीले बताए । मल्लरानी पर्यटकीय क्षेत्रको रुपमा बिकास गर्नका लागि बिभिन्न परियोजना निर्माणको चरणमा रहेको छ कालोपत्रे सडक, पार्क निर्माण, जीप लाईन लगायतको काम अघि बढेको छ । सदरमुकाम खलंगा रहेर पनि पछिल्लो समय स्थानीय तह लागु भएसँगै खलंगा ओफेलमा परेपछि स्थानीयले यो क्षेत्रको पर्यटकिय प्रचार प्रसारका लागि फुड फेस्टिवल आयोजना गर्न लागिएको हो । यो आयोजनाबाट खलंगामा क्षेत्रमा पाइने स्थानीय परिकार सँगै मल्लरानी क्षेत्रलाई पर्यटकिय रुपले प्रचार र र प्रवर्द्धनका लागि सहज हुने प्यूठान उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष इमानसिंह भारतिले बताए । यहाँ निर्माण हुन लागेको जिपलाइनको प्रचार प्रसारमा समेत फेस्टिवल आयोजना हुँदा प्रचार प्रसारको उपयुक्त माध्यम बन्ने उनको भनाई छ ।

# प्यूठानका सबै क्याम्पसमा सर्वसम्मत

प्युठान । प्युठानमा रहेका ५ विद्यार्थी संगठनहरुले जिल्लाका सबै क्याम्पसहरुमा सर्व सहमतिले निर्विरोध रुपमा स्ववियु पदाधिकारी छनौट गर्ने सहमति गरेका छन्। जिल्लामा सञ्चालित सबै क्याम्पसमा कसले नेतृत्व गर्ने भन्ने भागबण्डा समेत विद्यार्थी संगठनहरुले मिलाएका छन्। जिल्लामा क्रियाशील विद्यार्थी संगठन अनेरास्ववियु, नेपाल विद्यार्थी संघ, अखिल छैठौं र विप्लव निकट अखिल क्रान्तिकारी बीच तालमेल गर्ने सहमति भएको छ। नेपाल विद्यार्थी संघ प्युठानका जिल्ला सभापति कल्याण विक्रम केसीले स्ववियु निर्वाचनमा चार विद्यार्थी सङ्गठनबीच प्युठानका ५ वटै क्याम्पसमा तालमेल गर्ने सहमति भएको जानकारी दिए । उनका अनुसार एमाले निकट अनेरास्वावियुले सभापतिमा स्वर्गद्वारी बहुमुखी क्याम्पस पुण्यखोला, नेपाल विद्यार्थी संघले प्युठान क्याम्पस खलङ्गा र अमर क्याम्पस बाफिपुरमा पाउनेछ भने अखिल छैठौले गौमुखी बहुमुखी क्याम्पस मच्छी र माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीले भिमरुक बहुमुखी क्याम्पस बाग्दुला पाउने गरी सहमति गरिएको छ। विप्लव निकट अखिल क्रान्तिकारीलाई भने पदाधिकारी दिने सहमति भएको छ ।

# गौमुखीमा लेखा र जिन्सि व्यवस्थापन तालिम

गौमुखी गाउँपालिकामा लेखा र जिन्सी व्यवस्थापन सम्बन्धि ३ दिने तालिम सम्पन्न भएको छ । गौमुखी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा पालिका मातहतका आधारभुत तथा माद्यामिक विद्यालयका ४५ जना प्राधानाध्यापक तथा लेखा शिक्षकहरुलाई दोहोरो लेखा प्रणाली सम्बन्धि अभिमुखीकरण गराइएको हो ।

साथै अनलाईन माध्यमबाट लेखा व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा तालिम दिइएको तालिमका प्रशिक्षक याम बहादुर खत्रीले बताए । समापन तालिममा गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीले कार्यक्रमको समापन गर्दै विद्यालयलाई सूचना तथा प्रविधिमैत्री विद्यालय बनाउनमा तालिमको महत्वपूर्ण भुमिका रहेको बताए । शुक्रबार देखी गौमुखी गाउँपालिकाको सभाहलमा सुरु भएको कार्यक्रम आइतबार सम्पन्न भएको हो । गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीको अध्यक्षतामा सञ्चालित कार्यक्रमको सञ्चालन प्रशासनिक अधिकृत दुर्गा सुवेदीले गरेका थिए ।

# ऐरावती ब्याडमिन्टनको उपाधि मोहन र विकासलाई

ऐरावती गाउपालिका स्तरिय प्रथम ब्याडमिन्टन प्रतियोगिताको उपाधी मोहन बोहरा र बिकास बोहराको जोडीले जितेका छन्। ऐरावती गाउपालिका -२, स्थित पालिकाको कभर्डहलमा भएको फाईनल खेलमा धर्मेन्द्र रायमाझी र अभियान पोखरेलको समुह उपविजेता भएका छन् । तेश्रो स्थान बिकास राउत र भिष्म बिक्रम शाहले हात पारेका छन् ।

प्रतियोगितामा प्रथम, दोश्रो र तेस्रो हुने खेलाडीले क्रमश नगद २० हजार, १५ हजार र १० हजार हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । उत्कृष्ट खेलाडीको उपाधि राजु खडकाले हात पारेका छन् । खेलाडीहरूलाई पुरुस्कार प्रदान गर्दै गाउँपालिका अध्यक्ष नविलबिक्रम शाहले आगामी दिनमा अन्य इन्डोर खेलहरूलाई समेत पालिकाले निरन्तरता दिने बताए । ऐरावती ब्याडमिन्टन समितीको आयोजना र पालिकाको आर्थिक सहयोगमा भएको प्रतियोगितामा नौ वटा समुहले भाग लिएका थिए।

# आठ योगासन, जसले अनुहारको चमक बढाउँछ





**योगाचार्य कमल पौड्याल**

योगलाई शरीरको प्राकृतिक औषधि भन्दा फरक नपर्ला । शरीर स्वस्थ र आकर्षक बनाउने विभिन्न उपायमध्ये योग पनि एक हो । योगले शरीरलाई सक्रिय बनाउने, निरोगी बनाउने मात्र गर्दैन, अनुहारको चमक बढाउन पनि महत्वपूर्ण भूमिका खेल्छ ।

अनुहारमा चमक ल्याउन अहिले महंगो सौन्दर्य प्रसाधनको प्रयोग गरिन्छ, तर यसको सट्टा योग गरे फाइदा पुग्छ । शरीरको पहिलो आकर्षणको केन्द्र अनुहारको सुन्दरताका लागि दुई प्रणालीको भूमिका हुन्छ, रक्तसञ्चार प्रणाली र पाचनप्रणाली ।

दुवै प्रणालीमा केही कतै गडबड भयो भने त्यसको असर अनुहारमा पर्छ । मानसिक र भावनात्मक रुपमा मानिसमा के चलिरहेको छ त्यो अनुहारबाट झल्किन्छ । केही कुराले ठेस पुग्दा मानिसको अनुहारको प्रतिक्रिया नै फरक हुन्छ । कोही निराश हुँदा अँध्यारो अनुहार भयो पनि भन्ने गरिन्छ ।

मानिस रिसाउँदा अनुहारको कान्ति हराउँछ भने हाँस्दा वा खुसी हुँदा चमक आउँछ । अनुहारमा प्राकृतिक चमक र निखारता ल्याउन शरीर स्वस्थ हुन जरुरी छ । केही यस्ता योगाभ्यास छन् जुन नियमित गर्दा अनुहारमा चमक ल्याउन मद्दत गर्छ ।

**सूर्य नमस्कार**

बिहान सूर्योदयभन्दा पहिला उठेर उदाएको सूर्यको (मधुर प्रकाश) लालीसँगै सूर्य नमस्कार गनुपर्छ । पूर्व फर्किएर पसिना नआउँदासम्म दैनिक सूर्य नमस्कारको दैनिक अभ्यास गर्नुपर्छ । पसिना नसुक्ने समयसम्म त्यही बसिरहने गर्नुपर्छ । यसले पूरा शरीरको व्यायाम हुने र रक्तसञ्चार प्रणाली राम्रोसँग सक्रिय हुने र लालीले दिने ऊर्जा शरीरले ग्रहण गर्न पायो भने ठूलो भूमिका हुन्छ ।

**नाडी सोधन प्राणायाम**

प्राणायामका अभ्यास पनि अनुहारको लागि थप ऊर्जा दिने अभ्यास हो । नाडी सोधन प्राणायाम शरीरमा भएको नाडी शुद्ध गर्नको लागि गरिन्छ । यसले शरीरमा भएको विकार हटाउन ठूलो भूमिका खेल्छ ।

**कुम्भक अभ्यास**

श्वासलाई पूरै बाहिर फाल्ने र श्वासलाई रोक्ने प्रक्रिया हो । कुम्बक अभ्यासले शरीरलाई बलियो बनाउन मद्दत गर्छ । यसको अभ्यासले अनुहारमा चमक र आत्मबल आउने, अनुहारलाई ऊर्जा भयो, प्रेरणाले ओतप्रोत भयो भने उसको आँखा, अनुहारको चमक आकर्षित पार्ने खालको हुने गर्छ ।

**जलनेतिको अभ्यास**

जलनेति प्रक्रिया योगको प्रमुख भाग हो । दैनिक जलनेतिको अभ्यास गर्नुपर्छ। यसले विकार हटाउन मद्दत गर्छ । जसले गर्दा शरीर र अनुहार दुवै स्फूर्त देखिन्छ । शारीरिक र भावनात्मक शुद्धिकरण गर्छ । ध्यान पनि अनुहारको लागि राम्रो अभ्यास मानिन्छ । ध्यानलाई योग निद्राको अभ्यास पनि भनिन्छ । सुतेर शवासनकै स्थितिमा ध्यान गर्ने गर्नुपर्छ । यसले मानसिक अन्तरद्वन्द हटाएर त्यसमा स्पष्ट बनाइदिन्छ र तनाव हट्दै गएपछि अनुहार स्वतः स्फूर्त हुन्छ ।

**हलासन र सर्वांगासन**

हलासन र सर्वांगासनले अनुहार र टाउकोमा रगतको प्रवाह बढाउँछ। परिणामस्वरूप अनुहारको छालामा निखारता ल्याउँछ । साथै दुवै अभ्यासले डण्डीफोरबाट मुक्ति गराउन पनि मद्दत गर्छ ।

**त्रिकोणासन**

अनुहारको चमक बढाउन यो अभ्यास पनि निकै महत्वपूर्ण मानिन्छ । अनुहार र टाउकोमा रक्तसञ्चारमा वृद्धि गर्छ । अक्सिजनको अत्यधिक मात्रामा आपूर्तिले अनुहारको छालामा चमक वृद्धि गर्छ ।

**भुजंगासन** : ढाड र काँधमा देखिने कडापन घटाउन भुजंगासनले मद्दत गर्छ । यसले आराम दिएर मानिसको मनोदशालाई राम्रो बनाउँछ। जसले अनुहारलाई सुन्दर र लचिलो बनाउँछ।

**शिशुआसन** : शिशुआसनले पनि टाउकोको भागमा रक्तसञ्चार बढाउँछ । जसले तनाव र थकावट हटाएर अनुहारमा चमक ल्याउँछ । अनुहार र शरीरकै मालिस पनि बेलाबखतमा गर्दा अनुहारमा प्राकृतिक चमक ल्याउँछ । त्यसबाहेक अनुहारको विशेष व्यायाम गर्न सकिन्छ ।

*अनलाइन खबरबाट साभार ।*

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

अनुरोधक
नौबहिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाहाने, प्यूठान लुम्बिनी प्रदेश

## सडक डिभिजन कार्यालय प्यूठानको अनुरोध

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं ।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक
सडक पुर्वाधार विकास कार्यालय खलंगामा सम्पर्क गरौं ।

अनुरोधक :
सडक डिभिजन कार्यालय जस्पुर, प्यूठान ।

## नगर बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिऔं र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिऔं ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

अनुरोधक
स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंगृ प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिका बासीमा अनुरोध

- समयमा उपभोक्ता समिति गठन गरी निर्धारित मितिमा काम सम्पन्न गरौं ।
- प्राविधिक गुणस्तरमा ध्यान दिऔं ।
- वास्तविक लागत सहभागिता गरी योजनाको अपतत्व आफै लिऔं ।
- विकास निर्माणमा सबैले चासो दिउँ र सहभागि बनौं ।
- आफ्नो घर अगाडी नाला तथा ढल सरसफाई गरी सभ्य नागरिकको पहिचान दिउँ ।
- आफ्नो घरबाट निस्कने फोहर व्यवस्थापन गरौं, कुहिने फोहरलाई प्राङ्गारिक मल बनाऔं, नकुहिने फोहरलाई उचित व्यवस्थापन गरौं ।

**अनुरोधक**

**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिवासे प्यूठान, लुम्बिनी प्रदेश**



## सडक डिभिजन कार्यालय प्यूठानको सुचना

प्रस्तुत विषयमा सडक भिभिजन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भालुवाङ-चकचके सडक खण्ड अन्तर्गत NH-53 को चेनेज ३७+००० देखि ३८+००० कि.मि. खण्डमा मिति २०७९ पुस २८ गतेदेखि अर्को सुचना नहुँदा सम्मको लागि सडक बिस्तार गर्न गइरहेको हुँदा तपसिलको समयमा सडक बन्द रहने सूचना सम्बन्धित सबैमा सादर अनुरोध गरिन्छ।

**तपसिल** :

१) **स्थान** : भालुवाङ-चकचके सडक खण्ड

२) **चेनेज** : ३७+००० ३८+००० कि.मि.

३) **सडक बन्द हुने समय** :
बिहान १२:०० देखि बेलुका ५:०० बजेसम्म

४) **सडक खुल्ने समय** :
बिहान ८:०० देखि ११:०० बजे र
बेलुका ५:०० देखि ९:०० बजेसम्म

**अनुरोधक**
**सडक डिभिजन कार्यालय, प्यूठान**



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर प्यूठान, लुम्बिनी प्रदेश**



## नगरपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

**अनुरोधक :**
**प्यूठान नगरपालिका,**
नगर कार्यपालिकाको कार्यालय, बिजुवार प्यूठान



## धुम्रपान नगरौ, स्वस्थ जीवन बाँचौ ।

धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ । आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं। कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं। धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं । धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ । त्यसैले धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

**स्वास्थ्य कार्यालय,**
**प्यूठान**



## डिभिजन वन कार्यालय, प्यूठानको अनुरोध

देहाय बमोजिमका कार्य गर्न, गराउन दण्डनिय हुन्छ ।

**वन फाँड्ने, वन क्षेत्रमा खनजोत गर्ने, खनिज उत्खनन् गर्ने, पूर्वाधार तथा घर टहरा बनाउने, व्यवसाय सञ्चालन गर्ने, विना इजाजत राष्ट्रिय वन, निजी वन तथा निजी आवादी समेतका वन पैदावार कटान, संकलन र ओसारपसार गर्ने सबै कार्य अपराध हुन् । यस्ता कार्य गरेमा वन ऐन, २०७६ बमोजिम कैद वा दश लाख रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था रहेको छ ।**

**त्यसैले उक्त निषेधित कार्यहरु नगर्न नगराउनुहुन सबैमा अनुरोध गरिन्छ ।**

**अनुरोधक : डिभिजन वन कार्यालय खलङ्गा प्यूठान**

## सडक पूर्वाधार विकास कार्यालय खलंगा प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयमा खबर गरौं
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक
सडक पुर्वाधार विकास कार्यालय खलंगामा सम्पर्क गरौं ।

अनुरोधक :
**सडक पूर्वाधार विकास कार्यालय खलंगा, प्यूठान ।**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**
**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भ्यागुते प्यूठान, लुम्बिनी प्रदेश

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।

**अनुरोधक**
**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बरौंला प्यूठान, लुम्बिनी प्रदेश

## बालविवाह सामाजिक र कानुनी अपराध हो ।

बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं । उमेर नपुगी गरेको विवाह सामाजिक र कानुनी अपराध हो, त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानुनी व्यवस्था छ ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं ।
१२) पालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा व्यवसाय सञ्चालन गरौं ।

अनुरोधक :
**गौमुखी गाउँपालिका,**
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

## समयमै कर तिरौं

१) आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
२) राज्य सञ्चालनमा सहयोग गरौं ।
३) नागरिक कर्तव्य पुरा गरौं।

**जनताबाट उठाइएको कर :**

सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण, सार्वजनिक सेवा सञ्चालन, सामाजिक सुरक्षा प्रदान, बैदेशिक ऋण कम गर्न आवश्यक पर्छ ।

लुम्बिनी प्रदेश सरकार
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२),
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जस्पुर, प्यूठान